नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९ (२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/८४
चलानी नं. :- ४८६

## उच्च सतर्कता अपनाउने सम्बन्धी सूचना।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ७१४ मिति २०८३।०६।०५ को पत्र र नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा अनुसार बाङ्गालको खाडीको पूर्वी भू-भाग र आसपासका क्षेत्रमा नेपालमा वर्षा गराउन सक्ने न्यून चापीय प्रणाली विकसित भई पश्चिम-उत्तरपश्चिमतर्फ सर्दै गईरहेको र यसका कारण देशको विभिन्न क्षेत्रमा मिति २०८३ असोज ९ गते शुक्रबार देखि असोज ११ गते आइतबार सम्म मेघगर्जन/चटयाङ/हावाहुरी सहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको भनी सूचना प्रकाशित भएको बेहोरा जानकारीका लागि अनुरोध छ। हाल रसुवा जिल्लाको अधिकांश भू-भागमा बादल लागिरहेको र उच्च पहाडी एवम् हिमाली भेगमा हिमपात तथा अन्य स्थानमा वर्षा सहित हावाहुरीको समेतको सम्भावना रहेको देखिन्छ। तसर्थ, जिल्लावासी आम जनसमुदाय एवम् यस जिल्लामा पदयात्रामा रहनु भएको स्वदेशी/विदेशी पर्यटकहरुले पदयात्रा गर्दा उच्च सतर्कता अपनाउनु हुन र अंनावश्यक रुपमा बाहिर हिडडुल नगरी सुरक्षित स्थानमा बस्नुहुन अनुरोध छ। साथै, पदयात्रामा निस्कनुअघि मौसम सम्बन्धी पूर्व सूचना एवम् जानकारी लिनु हुन र पदयात्राका क्रममा कुनै विपद्जन्य घटना घट्न गएमा सम्बन्धित स्थानीय तह, स्थानीय जनप्रतिनिधि, नजिकको सुरक्षा इकाई तथा स्थानीय प्रशासनलाई यथाशिघ्र जानकारी गराउनु हुन समेत अनुरोध छ।

मिति २०८३।०६।०६ , ने.स.११४६

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी

तत्काल सम्पर्कको लागि

१. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, रसुवा (DEOC)- १२३४, ०१०५४००१९